सिन्धुली जिल्लाको पहिलो दैनिक

# प्रभात समाचार

PRAVAT SAMACHAR National Daily राष्ट्रिय दैनिक

बर्ष २५ अंक २७३, २०८२ साल माघ ९ गते शुक्रबार ( Jan - 23, 2026) नेपाल सम्वत ११४६ पृष्ठ ४ मूल्य रु. १०।-

## कुनै पनि उमेदवार बिरुद्ध उजुरी परेन

● प्रभात समाचार

सिन्धुली,८माघ/आगमी प्रतिनिधिसभा निर्वाचनको लागी (फागुन २१ ) उमेदवारी दर्ता गराएका कुनै पनि उमेदवार बिरुद्ध कुनै पनि उजुरी नपरेको मुख्य निर्वाचन अधिकृतको कार्यालय सिन्धुलीले जनाएको छ।

उम्मेदवारविरुद्ध उजुरी दिने समय बुधवार बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म तोकिएको भएपनि उक्त अवधीमा कुनै पनि उमेदवार विरुद्ध उजुरी नपरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। कार्यालयका अनुसार तोकिएको समय अवधिभित्र कुनै पनि उजुरी परेन।

जिल्लाका दुई वटा निर्वाचन क्षेत्रमा २८ जनाको उमेदवारी दिएका थिए। निर्वाचन क्षेत्र नं. १ मा १२ जनाको उमेदवारी दर्ता भएको छ भने क्षेत्र नं. २ मा १६ जनाको उमेदवारी दर्ता भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय सिन्धुलीले जनाएको छ।

सिन्धुलीमा दुई जना महिला, ६ जना स्वतन्त्र उमेदवार र अन्य दलगत रुपमा उमेदवारी परेको निर्वाचन अधिकृतको कार्यालय सिन्धुलीले जनाएको छ। क्षेत्र नं. १ मा एक जना स्वतन्त्र र ११ जनाको राजनीतिक दलबाट उमेदवारी परेको थियो।

यस्तै क्षेत्र नं. २ बाट ५ जना स्वतन्त्र उमेदवार र ११ जनाले राजनीतिक दलबाट उमेदवारी दिएका छन्। निर्वाचनमा जिल्लाबाट १३ दलले सहभागिता जनाउने भएका छन्। सोहि अनुरुप उमेदवारी दर्ता भएको छ। नेकपा एमालेबाट निर्वाचन क्षेत्र नं. १ मा प्रदीप कुमार कटुवाल र क्षेत्र नं. २ बाट मनोजजंग थापाले उमेदवारी दिएका छन्। नेपाली कांग्रेसबाट क्षेत्र नं. १ मा उज्ज्वल प्रसाद बराल र क्षेत्र नं. २ बाट शुशिला थिङको उमेदवारी परेको छ।

नेपाली कम्युनिष्ट पार्टीबाट क्षेत्र नं. १ मा डेकेन्द्रप्रसाद सुवेदी र क्षेत्र नं. २ मा लेखनाथ दाहाल (राजन) को उमेदवारी परेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीबाट क्षेत्र नं. १ मा धनेन्द्र कार्की र क्षेत्र नं. २ मा आशिष गजुरेलेको उमेदवारी रहेको छ। यस्तै राप्रपाबाट क्षेत्र नं. १ मा रामनारायण अधिकारी र क्षेत्र नं. २ मा मुकुन्द प्रसाद गजुरेलको उमेदवारी रहेको छ। श्रम संस्कृति पार्टीबाट क्षेत्र नं. १ मा निम बहादुर मोक्तान र क्षेत्र नं .२ मा इन्द्र बहादुर वि.कको उमेदवारी रहेको छ। नेमकिपाबाट क्षेत्र नं. १ मा राजेन्द्र बखुन्छे र क्षेत्र नं. २ मा रामेश्वरी कोजुको उमेदवारी रहेको छ।

यस्तै मंगोल नेशनल अर्गनाईजेशनले क्षेत्र नं. १ मा सोम बहादुर घलान र क्षेत्र नं. २ मा शान्तविर लामालाई उमेदवार बनाएको छ। उज्यालो नेपाल पार्टीबाट क्षेत्र नं. १ मा मोतिलाल तामाङको उमेदवारी परेको छ। नेकपा माओवादीले पनि उमेदवारी दिएको छ। उक्त पार्टीबाट क्षेत्र नं. १ बाट शुशिल हमाल र क्षेत्र नं. २ मा बर्त्य बहादुर राईले उमेदवारी दर्ता गरेका छन्। यस्तै राष्ट्रिय परिवर्तन पार्टीबाट क्षेत्र नं. १ मा सन्तोष कुमार सुनुवारले उमेदवारी दिएका छन्।

सिन्धुली क्षेत्र नं. १ बाट अमृत बहादुर विश्वकर्माले स्वतन्त्र उमेदवारी दिएका छन्। क्षेत्र नं. २ मा खड्ग बहादुर वाईवा, नरहरी पौडेल, महेश्वर दाहाल, माधव प्रसाद न्यौपाने, सरोज वि.कले स्वतन्त्र उमेदवारी दिएका छन्।

## सिन्धुलीमा तीन महिनामा १८५ झैझगडा मिलापत्र

● प्रभात समाचार

सिन्धुली ८ माघ / जिल्ला प्रहरी कार्यालय सिन्धुलीले तीन महिनामा सम्पादन गरिएका कामको प्रतिवेदन सार्वजनिक गरेको छ। प्रहरीले स्वत: प्रकाशन गर्ने प्रतिवेदनमा तीन महिनाको अवधिमा १८५ झैझगडा मिलापत्र गरेको उल्लेख गरेको हो।

प्रहरीले पछिल्लो तीन महिनाको प्रतिवेदन सार्वजनिक गर्दै कार्तिक महिनामा ५९, मंसिर महिनामा ७८ र पुस महिनामा ४८ वटा झै झगडाका मुद्दाहरुमा मिलापत्र गरिएको जनाएको हो।

तीन महिनामा प्रहरीले ११४ वटा मुद्दा दर्ता गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ। जिल्ला प्रहरी कार्यालय सिन्धुलीका सूचना अधिकारी डिएसपी सुर्यप्रकाश सुवेदीका अनुसार कार्तिकमा ३९ वटा, मंसिरमा ३२ वटा र पुसमा ४३ वटा मुद्दा दर्ता भएका छन्।

यस्तै प्रहरीले तीन महिनामा १७७ वटा नागरिकता सर्जिमिन मुचुल्का गरेको छ। यो अवधिमा २१६ वटा व्यक्तिगत चारित्रिक विवरण प्रमाणित गरिएको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ। यो अवधिमा ८९ वटा सवारी दुर्घटना प्रमाणित गरेको उल्लेख छ। तीन महिनाको अवधिमा चौध जना फरार प्रतिवादीहरुलाई पक्राउ गरि कानुनी दायरामा ल्याएको डिएसपी सुवेदीले जानकारी दिएका छन्।

प्रहरीले लागु औषध बरामदमा पनि उल्लेख्य उपलब्धि हासिल गरेको उक्त प्रतिवेदनमा उल्लेख गरेको छ। एसपीएएसएमओ ३२१ ट्यावलेट, कफडि ट्यावलेट ९३ ट्यावलेट, ओपिओ ट्यावलेट २९० ट्यावलेट, टपेन्टाडु १४० ट्यावलेट गरि ८४४ ट्यावेलट, खैरो हिरोईन १९९ ग्राम ४०२ मिलिग्राम र गाँजा ३ किलो ५९० ग्राम बरामद गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

त्यस्तै प्रहरीले ४ विघा १० कठ्ठा १० धुर जग्गामा लगाईएको गाँजा समेत फँडानी गरिएको पनि उक्त प्रतिवेदनमा उल्लेख छ।




## आजदेखि सातौं सिन्धुली महोत्सव हुने

● प्रभात समाचार

सिन्धुली ८ माघ /आजदेखि सातौं सिन्धुली महोत्सव हुने भएको छ। विपन्न नागरिक उपचार कोष स्थापना गर्ने उद्देश्य सहित सिन्धुली महोत्सव २०८२ गरिने भएको हो। माघ ९ गतेदेखि १९ गतेसम्म सिन्धुलीमाढीको खुल्लामञ्चमा महोत्सव हुने छ।

सिन्धुली उद्योग वाणिज्य संघ, सिन्धुली र कमलामाई नगरपालिकाको कार्यालय, सिन्धुलीको संयुक्त आयोजनामा गर्न लागिएको उक्त महोत्सवको उद्घाटन नेपाल उद्योग वाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले गर्नेछन्।

महोत्सवको तयारी पुरा भएको उद्योग वाणिज्य संघ सिन्धुलीका अध्यक्ष अर्जुन कुमार श्रेष्ठले बताएका छन्। महोत्सवको टिकटबाट उठेको रकम र सहयोगदाताहरुबाट संकलित रकमबाट उद्योग वाणिज्य संघमा रहने गरि कोष विपन्न नागरिक उपचार कोष स्थापना गरिने गरि महोत्सवको आयोजना गर्न थालिएको उनले बताएका छन्। पचास लाखसम्मको कोष स्थापना गर्ने संघले जनाएको छ। वडाबाट सिफारिस भई सिन्धुली अस्पतालमा उपचारका लागि आएका विपन्न नागरिकलाई सिन्धुली अस्पतालको सिफारिसमा प्रति विरामी ५ हजारसम्म सहयोग गर्ने गरि कोष सञ्चालनको कार्यविधि निर्माण भएको सिन्धुली उद्योग वाणिज्य संघका अध्यक्ष अर्जुन कुमार श्रेष्ठले पत्रकार सम्मेलनमा बताए।

सिन्धुली महोत्सव २०८२ को पहिचान, सम्मुनत र समृद्ध सिन्धुली हाम्रो पहिचान भन्ने नाराका साथ आयोजना हुने महोत्सवको दुई लाख दर्शकले अवलोकन गर्ने अनुमान आयोजकको रहेको छ। महोत्सवमा २७ लाख नाफा हुने संघको अनुमान रहेको छ। महोत्सवमा १ करोड १९ लाख ४५ हजार आम्दानी हुने र ९१ लाख ५५ हजार खर्च हुने अनुमान संघले गरेको छ।

महोत्सवमा ३ सय व्यवसायीक स्टलहरु राखिने भएको छ। विभिन्न खेलहरु तथा बाल उद्यान, स्थानीय उत्पादनका स्टलहरु राखिने छ। विभिन्न सांगितिक तथा सांस्कृतिक कार्यक्रमहरु रहनेछन्।

स्थानीय कला, संस्कृति, स्थानीय उत्पादनलाई प्राथमिकतामा राखिने छ। जिल्लामा लगानीमैत्री वातावरण बनाउन, औद्योगिक क्षेत्रको पहिचान गर्न, कृषि व्यवसायमा आधुनिक प्रविधि भित्राउन र पर्यटकीय तथा धार्मिक स्थलहरुको प्रचारप्रसार गर्नका लागि महोत्सव महत्वपूर्ण हुने श्रेष्ठले बताएका छन्।

महाबाल उद्यान, व्यापार, जातिय विविधता र झाँकीहरुको प्रदर्शनीहरु, सांस्कृतिक कार्यक्रमहरु, ख्याती प्राप्त कलाकारहरुको प्रस्तुती, विभिन्न सांस्कृतिक प्रतियोगिताहरु, सर्कसहरु, लोपोन्मुख खैजडी भजन, रत्यौली लगाएतका प्रतियोगिताहरु महोत्सवका आकर्षण रहने अध्यक्ष श्रेष्ठले जानकारी दिएका छन्।

साठी रुपैंया प्रतिव्यक्ति टिकट कायम गरिएको छ। जेष्ठ नागरिक र पूर्ण अपांगता भएका व्यक्तिहरुले परिचयपत्र भएमा नि:शुल्क महोत्सव हेर्न पाउनेछन्। उद्योग वाणिज्य संघका सदस्यहरुले नि:शुल्क प्रवेश पाउनेछन्। यस्तै विद्यार्थी र एकल महिलाहरुलाई परिचयपत्र भएमा ४० रुपैंयामा टिकट लिन पाउनेछन्।

## रेशमलाल चौधरीको उम्मेदवारी खारेज

● प्रभात समाचार

काठमाडौं ८ माघ / आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि मनोनयन पत्र दर्ता गरेका उम्मेदवारमाथि परेका उजुरी जाँचबुझ गर्दा कैलाली क्षेत्र नं १ बाट मनोनयन पत्र दर्ता गर्नुभएका रेशमलाल चौधरीको उम्मेदवारी खारेज भएको निर्वाचन आयोगले जनाएको छ।

सुनसरी जिल्ला निर्वाचन क्षेत्र नम्बर २ का एक, रौतहट जिल्ला क्षेत्र नम्बर १ का एक, भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं. २ का दुई वटा उजुरीको भने दाबी नपुगेको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए।



रौतहटको उजुरी बुधबार नै दरपीठ भई उम्मेदवारी कायम रहेको आयोगले जनाएको छ। उम्मेदवारमाथि बुधवार दिउँसो ३ बजेदेखि जाँचबुझ सुरु भएको थियो।

बिहीबार बेलुका ५ बजेसम्म उजुरीमाथि जाँचबुझ गरिएको हो। बिहीबार ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गरिने निर्वाचन कार्यक्रम रहेको छ। माघ ९ गते शुक्रबार बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने समय तोकिएको छ।

माघ ९ गते दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ। त्यसै दिन दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने कार्यक्रम रहेको जनाइएको छ। शुक्रबार ७७ मुख्य निर्वाचन अधिकृतको कार्यालय र ८८ निर्वाचन अधिकृतको कार्यालयमा तीन वटा कार्यक्रम तय गरिएको जानकारी उनले गराए।

देशभरका ७७ मुख्य निर्वाचन अधिकृत र ८८ निर्वाचन अधिकृतको कार्यालयबाट आयोगमा प्राप्त जानकारीअनुसार पुरुष ३०८८, महिला ३९६ र तेस्रो लिङ्गी एक गरी तीन हजार ४८६ को उम्मेदवारी कायम भएको आयोगले जनाएको छ। यीमध्ये चार जिल्लाका पाँच उम्मेदवारमाथि उजुरी परेको थियो।

### च्याउकोटबाट चियाउँदा






प्रभात समाचार
राष्ट्रिय दैनिक National Daily

## सम्पादकीय

### उमेदवार बिरुद्ध उजुरी नपर्नु सकारात्मक

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि जिल्लाबाट उम्मेदवारी दर्ता गराएका कुनै पनि उम्मेदवारविरुद्ध उजुरी परेन। यो आफैमा एउटा राम्रो पक्ष हो। जिल्लामा कुनै पनि उमेदवार बिरुद्ध उजुरी नपर्नुले सबै दल तथा स्वतन्त्र रुपमा उमेदवार बनेकाहरु योग्य नै वा कानुन विपरित कार्य नगरेकाहरु रहेको पुष्टि गरेको छ । यसले जिल्लाको निर्वाचन प्रक्रिया शान्ति पूर्ण रुपमा सम्पन्न हुने आशा पनि पलाएको छ।

उजुरी नपर्नु उम्मेदवारहरूको कागजात र प्रक्रिया कानुनसम्मत रहेको सकारात्मक सन्देश पनि हुन सक्छ। तर, यसलाई अर्को कोणबाट हेर्दा प्रश्न उठ्छ के साँच्चिकै सबै उम्मेदवार निर्दोष र नियमअनुसार छन् त ? कि मतदाता र सरोकारवाला निकायहरू पर्याप्त रूपमा सचेत र सक्रिय छैनन ? उजुरी नपर्नु सधैं राम्रो लोकतान्त्रिक अभ्यासको प्रमाण नहुन सक्छ। कतिपय अवस्थामा राजनीतिक दबाब, जानकारीको अभाव वा जनतामा फैलिएको निराशाले पनि उजुरी प्रक्रिया निष्क्रिय बन्न सक्छ।


प्रारम्भिक चरणमा यस्तो उमेदवारहरुको विरुद्ध उजुरी नपरी सबै योग्य हुनुले जिल्लामा निर्वाचनको महोलमा केही सहजता पैदा गरेको छ। तर यसको बावजुद अबको चुनौती निर्वाचन आयोग, सुरक्षा निकाय र राजनीतिक दलहरूसामु छ। नागरिक समाज र मतदाताले पनि सजग भूमिका खेल्न जरुरी छ, किनकि लोकतन्त्र केवल निर्वाचन गरिनु मात्र होइन, त्यसको निगरानी र उत्तरदायित्व पनि हो।

**समयमा नै व्यक्तिगत घटना दर्ता गरौं**

**जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद र बसाइसराई जस्ता व्यक्तिगत घटना, घटना घटेको ३५ दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गरौं र गराऔं। विद्यालय भर्ना गर्न, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न, राहदानी बनाउन, नावालक परियपत्र बनाउन, बैंकमा खाता खोल्न तथा सरकारले दिने अन्य सेवा लिन व्यक्तिगत घटना दर्ता आवश्यक हुने भएकाले नर्बिस आजै वडा कार्यालय जाऔं। व्यक्तिगत घटना दर्ता गराउनु सबै नागरिकको कर्तव्य हो। व्यक्तिगत घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं। जिम्मेबार नागरिकको परिचय दिऔं।**

गोलञ्जोर गाउँपालिका सिन्धुली

# राजनीतिमा नैतिक मूल्य




प्रजातन्त्र प्राप्तिका लागि २०४६ सालको ऐतिहासिक जनआन्दोलनको नेतृत्व लिनुभएका लौहपुरुष गणेशमान सिंहले जनआन्दोलन सफल भएपछि प्रधानमन्त्रीको पद अस्वीकार गर्नुभएको कुरा अझै नेपालीको मानसपटलमा ताजै छ तर अहिलेका राजनीतिक नेतृत्वमा त्यस्तो त्याग देखिएन।



डा. अर्जुनकुमार खड्का

राजनीति र लोकतन्त्र एकअर्काका परिपूरक हुन। खुला राजनीतिमा मात्र लोकतन्त्र सम्भव हुने हुनाले राजनीतिक पार्टीको संस्थागत विकास हुनु लोकतन्त्रको सुदृढीकरण हुनु हो। राजनीतिक पार्टीमार्फत नै राजनीतिकर्मीको जन्म हुन्छ। सामान्य अर्थमा कुनै राजनीतिक व्यवस्थाभित्र संवैधानिक संरचना र चुनाव वा क्रान्तिको माध्यमबाट राज्यशक्ति प्राप्त गर्ने र त्यसको अभ्यास गर्ने उद्देश्यले खडा भएको सङ्गठित समूहलाई नै राजनीतिक पार्टी भनिन्छ। यसैले राजनीतिक पार्टी कुनै पनि समाजको सबैभन्दा चेतनशील सक्रिय र सङ्गठित समूह हो, जसले आफ्नो उद्देश्य तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि राज्यशक्ति प्राप्त गर्न खोजिरहेको पाइन्छ। बहुलवादी तथा उदार समाजमा विभिन्न प्रकृतिका राजनीतिक पार्टीहरू कार्यरत हुन्छन्, जसले सार्वजनिक हित तथा कुनै खास समूह, वर्ग वा सम्प्रदायको हित गर्नु नै आफ्नो प्रमुख उद्देश्य ठान्छन्। राजनीतिक पार्टीहरूको प्रमुख कार्य निर्वाचनमा प्रतिस्पर्धा गर्नु पनि हो। राजनीतिक प्रक्रियालाई अघि बढाउने, राजनीति तथा निर्वाचन परिचालन गर्ने, जनतालाई प्रशिक्षित गरी जागरण गर्ने, राजनीतिक सहभागिता बढाउने, राजनीतिक संस्कृतिको विकास गर्ने तथा जनप्रतिनिधिले गर्ने काम पनि राजनीतिमार्फत नै सम्पादन हुँदै आएको पाइन्छ। राजनीतिक पार्टी विभिन्न राजनीतिक, आर्थिक एवं सामाजिक परिस्थितिमा उत्पत्ति भई विकास हुँदै आएको पाइन्छ। अठारौँ शताब्दीदेखि बेलायतमा टोरी र ह्विग पार्टीहरूको विकास भएपछि राजनीतिक पार्टीको विकासको इतिहास सुरु भएको ठानिन्छ। यसै गरी सन् १८१४ देखि फ्रान्समा यो प्रक्रिया बढ्यो। अठारौँ र उन्नाइसौँ शताब्दीको मध्यावधिसम्म उत्पत्ति भई विकास भएका बहुसङ्ख्यक पार्टी कन्जरभेटिभ (अनुदार) प्रवृत्तिका भएकाले यिनीहरूलाई आधुनिक अर्थमा दक्षिणपन्थी वा पुरानै मान्यतालाई संरक्षण गर्ने कन्जरभेटिभ पार्टी भनिन्छ।

बेलायतको कन्जरभेटिभ पार्टी तथा अमेरिकाका दुई प्रमुख पार्टीमध्ये रिपब्लिकन पार्टी यस्ता प्रकृतिका उदाहरण हुन्। उन्नाइसौँ शताब्दीको अन्त्यदेखि मार्क्सवादको प्रभावमा समाजवादी वा समाजवादी प्रजातान्त्रिक पार्टी विश्व रङ्गमञ्चमा देखा परे भने बिसौँ शताब्दीको सुरुमा रुसमा भएको अक्टुबर क्रान्तिका र सोपछि विश्वमा मार्क्सवाद लेनिनवाद विचारधारामा आधारित कम्युनिस्ट पार्टीहरू उत्पत्ति भई विकास भएका हुन्। युरोप तथा अमेरिकामा भएको पुँजीवादको विकास, उदार प्रजातन्त्रको थालनी तथा राजनीतिक घटनाक्रम अनुरूप नै यी तीन धारका पार्टीहरू उत्पत्ति भई विकास भएका थिए। मूल रूपमा यी तीन धारमा विभाजित पार्टीहरू हालसम्म कायमै छन्, तथापि यी तीन धारका पार्टीमा पनि विभिन्न घटक तथा समूह विकास भइसकेका छन्।

नेपालको सबैभन्दा पुरानो राजनीतिक पार्टीको रूपमा नेपाल प्रजा परिषद् हो। यस पार्टीलाई विसं १९९३ मा टङ्कप्रसाद आचार्यले स्थापना गर्नुभएको थियो। यस पार्टीलाई राणा शासनविरुद्धको पहिलो सङ्गठित प्रयास मानिन्छ तर सक्रिय र आधुनिक पार्टीमध्ये नेपाली कांग्रेस र नेकपा (एमाले) लगायत अहिले १३० भन्दा बढी नै राजनीतिक पार्टी दर्ता भइसकेको अवस्था छ। यस्तै प्रकृतिका राजनीतिक पार्टीको माध्यमबाटै राज्यसत्ताको नेतृत्व गर्ने राजनीतिक कर्मीको जन्म हुने गर्छ। तर राज्यसत्ताको नेतृत्व लिएपछि राजनीतिक नेतृत्वकर्तामा विवेकशिलता र नैतिकतामा विस्तार ह्रास हुँदै गएको देखिएको छ। यसमा पनि नेपालको सन्दर्भमा कवि शिरोमणि लेखनाथ पौडयालले असी वर्षअघि लेख्नुभएको एक कविता विशेषत: 'मै खाऊँ मै लाऊँ' भने भावार्थ नेपाली राजनीति वृत्तमा मिल्दोजुदो हुँदै आएको देखिन्छ। अन्य देशको राजनीतिमा यस्तो बिरलै पाइन्छ। उदाहरणको लागि २७ वर्ष रङ्गभेद विरोधी अभियानमा जेल परेका दक्षिण अफ्रिकाका अफ्रिकी राष्ट्रिय कांग्रेसका तत्कालीन नेता नेल्सन मण्डेला उक्त देशको पहिलो लोकतान्त्रिक निर्वाचित राष्ट्रपतिको रूपमा केवल एक कार्यकाल मात्र सेवा गरी पद त्याग गर्नुभयो।

सन् १९२१ मा भारतीय राष्ट्रिय कांग्रेसको नेतृत्व समालेका अहिंसावादी नेता महात्मा गान्धीले गरिबी न्यूनीकरण, महिला अधिकार, धार्मिक तथा जातीय सद्भाव निर्माण, छुवाछुत अन्त्य र स्वतन्त्र सङ्ग्रामका लागि राष्ट्रव्यापी अभियानको नेतृत्व गर्नुभए पनि पनि सन् १९५० मा अङ्ग्रेज शासनबाट भारत स्वतन्त्र भएपछि नेतृत्व छोड्नुभयो। देङ सियाओपिङ आधुनिक चीनका शिल्पकार भनेर चिनिने सर्वोच्च चिनियाँ सुधारवादी नेता हुन्। उहाँको नीतिले अहिलेको चीनको विकासलाई सन् १९८० को दशकमा खुला आर्थिक नीतिमार्फत करिब ३० वर्षको अवधिमा चीनको अर्थतन्त्रलाई विश्वको दोस्रो अर्थतन्त्र भएको देशको रूपमा स्थापित गर्न सफल बनाउनुभयो। उहाँले आफ्नो जीवकालमा कम्युनिस्ट पार्टीको महासचिवबाहेक अन्य कुनै पनि सरकारी पद लिन चाहनुभएन। प्रजातन्त्र प्राप्तिका लागि नेपालमा पनि २०४६ सालको ऐतिहासिक जनआन्दोलनको नेतृत्व लिनुभएका लौहपुरुष गणेशमान सिंहले जनआन्दोलन सफल भएपछि प्रधानमन्त्रीको पद अस्वीकार गर्नुभएको कुरा अझै नेपालीको मानसपटलमा ताजै छ तर अहिलेका राजनीतिक नेतृत्वमा त्यस्तो त्याग देखिएन।

समयक्रम र सूचना प्रणालीको कारणले गर्दा पुराना राजनीतिक नेतृत्वले लगातार निरन्तरता पाउने अवस्था ढिलो चाँडो क्षयीकरण हुन्छ। यसको उदाहरणका लागि अन्य छिमेकी देश मात्र होइन विश्वका थुप्रै देशको उदाहरण लिन सकिन्छ। जिम्बाबेको स्वतन्त्रता सङ्ग्रामकै लागि योगदान गर्नुभएका रोबर्ट मुगाबे सन् १९८७ देखि नोभेम्बर सन् २०१७ मा अपदस्थ नभएसम्म ३० वर्षसम्म जिम्बाबेका राष्ट्रपति हुनुहुन्थ्यो। यसअघि सन् १९८० देखि सन् १९८७ सम्म प्रधानमन्त्रीको रूपमा उहाँको कार्यकाल रह्यो। उहाँले जिम्बाबेको नेतृत्वको रूपमा कुल ३७ वर्ष सत्तामा बिताउनुभयो। उहाँ असंलग्न राष्ट्रको स्थापना गर्ने एक प्रमुख अफ्रिकी राष्ट्र प्रमुख पनि हुनुहुन्थ्यो तर उहाँको ३७ वर्षको राज्यसत्ता कल्पना भन्दाबाहिरको अवस्था सिर्जना भई नराम्रोसँग अन्त्य भयो। अफ्रिकी महादेशमा नै पर्ने इजिप्टका राष्ट्रपति मोहम्मद होस्नी अल सैयद मुबारकविरुद्धको क्रान्तिका धेरैजसो कारण शक्ति, भ्रष्टाचार, बेरोजगारी, सम्पत्तिको अनुचित वितरण जस्ता कार्य नै मूल कारण भएको हुँदा उहाँको पनि ३० वर्षे शासनकालको अन्त्य भई जेल जानु पर्ने अवस्था आयो। छिमेकी देश श्रीलङ्काका तत्कालीन राष्ट्रपति महिन्दा राजपाक्षे तथा बङ्गलादेशको प्रधानमन्त्री शेख हसिनाको पतनको कारण सबैसामु ताजा नै छ।

कुनै पनि राष्ट्रको भाग्य निर्माणमा राज्यसत्तामा रहने राजनीतिकर्मीको नैतिक मूल्य र मान्यताको ठुलो भूमिका रहन्छ। यस्ता नैतिक नीति कानुनभन्दा पनि माथि रहन्छन्। कतिपय अवस्थामा नैतिक मूल्य र मान्यताको कार्य व्यक्तिको अन्तर आत्माबाट व्यवहारमा कार्यान्वयन हुने गर्छन्। नेपाली समाजमा त्यस्ता नैतिक नीतिको पनि ह्रास भएको देखियो, जसलाई परिमाणमा मापन गर्न सकिँदैन। त्यस्ता कार्य समाज तथा भावी पुस्ताका लागि विषादीको रूपमा स्थापित हुँदै छन्।

विवेकशील राजनीतिकर्मीको व्यवहार निजी स्वार्थबाट कमै अभिप्रेरित हुने मान्यता छ। राजनीतिशास्त्रको अध्ययन गर्दा राजनीतिज्ञलाई पनि विवेकशील व्यक्तिको रूपमा लिने गरिन्छ। यसैले राजनीतिज्ञ निजी स्वार्थबाट कमै अभिप्रेरित हुनुपर्ने हो। नेपालको सम्बन्धमा राजनीतिज्ञलगायत अन्य कतिपय राजनीतिज्ञका छायामा रहेका व्यक्तिसमेत निजी स्वार्थबाट बढी अभिप्रेरित भएको देखियो। हुन त सबै राजनीतिक नेताको व्यवहार सधैँभरि निजी स्वार्थबाट मात्र प्रेरित भएको हुन्छ भन्ने निष्कर्षमा पुगियो भने त्यस्तो निष्कर्षमा सङ्कीर्ण दृष्टिकोणको परिणाम रहन सक्छ। किनकि कतिपय राजनीतिक नेता आफ्नो जीवनकालमा लामो समयसम्म राजनीतिक सङ्गठन र राजनीतिक क्रियाकलापमा सफल भूमिका वहन गरेका विश्वप्रसिद्ध राजनीतिक नेताको जीवनको अन्तिम समयमा पनि निर्धन अवस्थामै रहेका र समूहको हित र कल्याणमा मात्र प्रतिबद्ध रहेका दृष्टान्त पनि विश्व इतिहासमा रहेका छन्।

उरुग्वेका पूर्वराष्ट्रपति जोसे अल्बर्टो पेपे एक उरुग्वेली राजनीतिज्ञ, क्रान्तिकारी र किसान हुनुहुन्छ। जसले सन् २०१० देखि सन् २०१५ सम्म उरुग्वेको ४० औं राष्ट्रपतिको रूपमा सेवा गर्नुभएको थियो। अहिले राष्ट्रपतिको हैसियतमा पाउने सबै सरकारी सेवा त्यागी सामान्य किसानको जीवनयापन बाँकी ३ पेजमा




"जङ्गल र जुनार सिन्धुली जिल्ला विकासको मुख्य आधार"- जिल्ला समन्वय समिति, सिन्धुली

# मधुमेहको लक्षण, बच्ने उपाय र उपचार

जीवनशैली, खानपान र वंशाणगत कारण आजकाल मधुमेहका रोगी विश्वभर बढिरहेका छन् । वृद्धवृद्धा मात्र नभई युवा तथा बालबालिका समेत मधुमेहको सिकार भइरहेका छन् ।
रगतमा चिनीको मात्रा बढ्नुका साथै इन्सुलिनले राम्रोसँग काम नगर्दा यो रोग लाग्ने गर्छ । यसलाई बेवास्ता गरियो भने शरीरका अन्य अङ्गहरू निष्क्रिय हुन सक्छन् ।
मुख सुक्खा हुने ।
एकदमै तिर्खा लाग्ने ।
धेरै पिसाब लाग्ने ।
गलेको महसुस हुने ।
खाना बढी रुच्ने ।
खुट्टा पोल्ने ।
खुट्टा झमझमाउने ।
आँखा धमिलो हुने, स्पष्ट नदेख्ने ।
कुनै पनि घाउ निको हुन गाह्रो हुने ।
मुख र घाँटीभित्र बारम्बार घाउ भइरहने ।
धेरै थाकेको महसुस हुनु ।
अचानक तौल घट्नु ।
प्राइभेट पार्ट वरिपरि चिलाउनु ।
ढिलो घाउ निको हुनु ।
पिसाब फेरेको ठाउँमा कमिला लाग्ने आदि ।

बच्ने उपाय

मधुमेह एक गम्भीर रोग हो, जसले जीवनभर समस्या निम्त्याउन सक्छ । मधुमेहबाट पीडित व्यक्तिले स्वास्थ्यसँग सम्बन्धित धेरै समस्याको सामना गर्नुपर्ने हुन सक्छ । तर, निम्न सावधानी अपनाएमा मधुमेहबाट बच्न सकिन्छ ।
मिठाइ तथा गुलियो खानेकुरा कम खानुस् ।
चिनी र कार्बोहाइड्रेटयुक्त खानेकुरा कम खानुस् ।
सक्रिय रहने, नियमित व्यायाम गर्ने, बिहान र बेलुका हिंडडुल गर्नुस् ।
पानी धेरै पिउनुस् ।




मिठो सर्बत र सोडा पेय पदार्थ कम पिउनुस्, सकेसम्म नपिउनुस् ।
आइसक्रिम र क्यान्डी नखानुस् ।
तौल घटाउनुस् र यसलाई नियन्त्रणमा राख्नुस् ।
धुम्रपान र मदिरा सेवन नगर्नुस् ।
उच्च फाइबरयुक्त आहार खानुस् ।
प्रोटिन पनि धेरै मात्रामा उपभोग गर्नुस् ।
भिटामिन डीको कमी हुन नदिनुहोस् । किनभने भिटामिन डीको कमीले मधुमेहको जोखिम बढाउँछ ।
प्रशस्त मात्रामा सागसब्जी खानुस् ।
कम चिल्लो तथा स्वास्थ्यवर्धक तेल प्रयोग गर्नुस् ।
नुन तथा नुनिलो खानेकुराको प्रयोग कम गर्नुस् ।
उचित मात्रामा नियमित समयान्तरमा खाने गर्नुस् ।
दिनमा कम्तीमा दुईदेखि तीन लिटर पानी पिउनुस् ।
रेशादार खानेकुराले रगतमा चिनीको मात्रा नियन्त्रणमा राख्छ । साथै रगतमा बोसो, कोलेस्टेरोलको मात्रा नियन्त्रणमा राख्छ; मुटु रोगको जोखिमलाई कम गर्छ; कब्जियतको समस्या कम गर्छ; आन्द्रा स्वस्थ राख्छ; रक्तचाप नियन्त्रणमा राख्न मद्दत गर्छ ।
चिल्लोको प्रयोग सकेसम्म कम गर्नुस् । आवश्यक वजन बढ्न नदिई ग्लुकोज तथा चिल्लो नियन्त्रणमा राख्न, मुटु तथा रक्तनलीसम्बन्धी विभिन्न समस्याबाट बच्न स्वास्थ्यवर्धक तेल प्रयोग गरौं, त्यो पनि सकेसम्म कम ।
नौनी, घिउ, बोसो, वनस्पति घिउ, बेकन, नरिवलको तेल आदिको बढी प्रयोगले रगतमा कोलेस्टेरोल बढ्ने तथा मुटुरोग हुने सम्भावना बढी हुन्छ ।
सनफलावर, भटमासको तेल, ओखरको तेल, सनपाटको बियाँ आदिको मात्र प्रयोगले कोलेस्टेरोल (एलडीएल) तथा नराम्रो कोलेस्टेरोल मात्र नभई मुटुका लागि सुरक्षित कोलेस्टेरोल ( एचडीएल) पनि घटाउँछ । हानिकारक कोलेस्टेरोल (एलडीएल) शरीरका लागि कम भएको राम्रो हो । यस्तै कोलेस्टेरोल (एचडीएल) बढी भएको राम्रो हो ।
ओलिभ, तोरीको तेल, बदामको तेल, बदाम, मकैको तेल, काजु स्वास्थ्यका लागि राम्रा हुन्, यिनको पनि कम प्रयोग गर्नुपर्छ ।

उपचार

मधुमेहका धेरै रूप छन् । यीमध्ये मधुमेह टाइप २ सबैभन्दा सामान्य हो । स्वस्थ जीवनशैलीको साथमा मधुमेहको उपचारले यसका जटिलतालाई रोक्नका लागि मद्दत गर्न सक्छ ।
टाइप-१ मधुमेहका बिरामीले औषधी र इन्सुलिन लिनुपर्छ । जसको मद्दतले उनीहरू आफ्नो अवस्था नियन्त्रण गर्ने प्रयास गर्छन् । दैनिक व्यायाम, सन्तुलित आहार, समयमै खाजा-नास्ता र तौल नियन्त्रण गरेर टाइप-२ मधुमेहका लक्षणबाट बिनाऔषधी छुटकारा पाउन सकिन्छ । सही आहारको मद्दतले टाइप-२ मधुमेह नियन्त्रण गर्न सकिन्छ । मधुमेह वा मधुमेहका लक्षणहरू देखापरेमा चिकित्सकलाई सम्पर्क गर्नुपर्छ ।
आफूलाई कुनै लक्षण देखिएमा नजिकको स्वास्थ्यकर्मी वा चिकित्सकसँग परामर्श गर्नुहोला । आफूखुसी वा इन्टेरनेटको सहायतामा औषधी सेवन गर्नु हुँदैन । यसले स्वास्थ्यमा नकारात्मक असर देखिन सक्छ ।

# आयातनिर्यात दुवै बढ्यो

● प्रभात समाचार

काठमाडौँ ८ माघ / मुलुकमा नौ खर्ब रुपियाँ बराबरको आयात हुँदा करिब डेढ खर्ब बराबरको निर्यात भएको छ । भन्सार विभागले बुधबार सार्वजनिक गरेको तथ्याङ्क अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को छ महिनामा (साउन-पुस) आयातनिर्यात दुवै बढेको छ ।
विभागका अनुसार आयात १४.१८ प्रतिशतले बढेर नौ खर्ब ३९ अर्ब २२ करोड ८८ लाख रुपियाँ पुगेको छ । गत वर्ष सो अवधिमा आठ खर्ब २२ अर्ब ३७ करोड ५४ लाख रुपियाँ रहेको थियो । चालु आवको छ महिनामा निर्यात ४३.७६ प्रतिशतले बढेर एक खर्ब ४२ अर्ब १८ करोड रुपियाँ पुगेको छ । गत वर्ष सो अवधिमा ९८ अर्ब ७८ करोड ९२ लाख ४७ हजार रुपियाँको निर्यात भएको थियो ।
आयातनिर्यात बढ्दा व्यापारघाटासमेत १०.१५ प्रतिशतले बढेर सात खर्ब ९७ अर्ब ४८ लाख ६७ हजार रुपियाँ पुगेको छ । गत वर्ष सो अवधिमा सात खर्ब २३ अर्ब ५८ करोड १२ लाख ९९ हजार रहेको थियो ।
समीक्षा अवधिमा कुल वैदेशिक व्यापार १७.३६ प्रतिशतले बढेर १० खर्ब ८१ अर्ब ४० करोड ८९ लाख पुगेको छ । अघिल्लो वर्ष सो अवधिमा नौ खर्ब २१ अर्ब १५ करोड ९७ लाख ९४ हजार रुपियाँ रहेको थियो । आर्थिक गतिविधि बढ्न थालेपछि आयातनिर्यातमा सुधार आएको तथ्याङ्कले देखाएको छ ।
छ महिनामा सबैभन्दा धेरै एक खर्ब ५१ अर्ब रुपियाँ बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । जसमा ५८ अर्ब २७ करोड बराबरको डिजेल, ३३ अर्ब बराबरको पेट्रोल र २७ अर्ब ४२ करोड रुपियाँ बराबरको खाना पकाउने एलपी ग्यास आयात भएको छ ।
यस्तै ६६ अर्ब १२ करोड रुपियाँ बराबरको फलाम र स्टिल आयात भएको छ । ६४ अर्ब ९२ करोड बराबरको विद्युतीय उपकरण र त्यसका पार्टपुर्जा आयात भएको छ । ५७ अर्ब ४३ करोड ६२ लाख रुपियाँ बराबरको सोयाबिन तेलको कच्चा पदार्थ आयात भएको छ । २८ अर्ब ७६ करोड बराबरको अन्नबाली आयात भएको तथ्याङ्क छ ।  यस अवधिमा २३ अर्ब २९ करोड बराबरको स्मार्टफोन र १८ अर्ब ८३ करोड बराबरको सुन आयात भएको छ ।
विभागका अनुसार नेपालबाट सबैभन्दा धेरै ५६ अर्ब ८२ करोड ४२ लाख रुपियाँ बराबरको सोयाबिन तेल र चार अर्ब ७८ करोड ४४ लाख ८८ हजार रुपियाँ बराबरको सनफ्लावर तेल निर्यात भएको छ । विभिन्न मुलुकबाट सोयाबिन तेलको कच्चा पदार्थ आयात गरी प्रशोधन गरेर पुन निर्यात हुने गर्छ । यस्तै सात अर्ब १९ करोड ९५ लाख रुपियाँ बराबरको अलैंची निर्यात भएको छ । नेपालले विभिन्न १५२ मुलुकसँग वैदेशिक व्यापार गर्दै आएको छ । तीमध्ये सबैभन्दा धेरै वैदेशिक व्यापार छिमेकी मुलुक भारतसँग रहेको छ ।
छ महिनामा भारतबाट सबैभन्दा धेरै पाँच खर्ब ३२ अर्ब ४५ करोड ६७ लाख ८२ हजार रुपियाँको आयात हुँदा एक खर्ब १५ अर्ब ७४ करोड ३६ लाख ८८ हजार रुपियाँको निर्यात भएको छ । आयातको तुलनामा निर्यात न्यून हुँदा भारतसँग चार खर्ब १६ अर्ब ७१ करोड ३० लाख ९४ हजार रुपियाँ व्यापार घाटा रहेको छ ।
यस्तै चीनबाट एक खर्ब ९६ अर्ब ९४ लाख रुपियाँको आयात हुँदा ६४ करोड ९१ लाख रुपियाँ निर्यात भएको छ । चीनसँग एक खर्ब ९५ अर्ब ३६ करोड ८४ लाख रुपियाँ व्यापारघाटा रहेको छ । बाढीपहिरोका कारण चीनतर्फका उत्तरी नाका लामो समयसम्म बन्द हुँदा चीनमा निर्यात कम भएको हो ।
वस्तुको आगमन पहिले नै सूचना आदानप्रदान गर्दै जोखिम व्यवस्थापनमार्फत व्यापार सहजीकरण गर्न नेपाल र भारतबिच समझदारी भएको छ ।
प्रमुख व्यापारिक साझेदार मुलुकबिच निकासी गरिने वस्तुको अग्रिम तथ्याङ्क आदानप्रदान गर्ने अन्तर्राष्ट्रिय अभ्यास अनुरूप भारतसँग निकासी गर्ने वस्तुको तथ्याङ्क अग्रिम रूपमा आदानप्रदान गर्ने व्यवस्था गर्न भारतको केन्द्रीय अप्रत्यक्ष कर तथा सीमा शुल्क बोर्ड र नेपालको भन्सार विभागको सहकार्यमा तयार गरिएको समझदारीपत्रमा हस्ताक्षर भएको छ । सबै सरोकारवालासँगको छलफल पनि अन्तिम रूप दिइएको उक्त समझदारीपत्र नेपाल सरकार ( मन्त्रीपरिषद्) ले स्वीकृत गरी भन्सार विभागका महानिर्देशकलाई हस्ताक्षर गर्ने अख्तियारी प्रदान गरेको थियो । त्यसै अनुरूप समझदारीपत्रमा बुधबार भारतको नयाँ दिल्लीमा नेपालका तर्फबाट भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारी र भारतका तर्फबाट केन्द्रीय अप्रत्यक्ष कर तथा सीमा शुल्क बोर्डका अध्यक्ष विवेक चतुर्वेदीले हस्ताक्षर गर्नुभएको भन्सार विभागले जनाएको छ ।
समझदारीपत्रमा जोखिम विश्लेषणमार्फत भन्सार नियन्त्रण र व्यापार सहजीकरणलाई थप प्रभावकारी बनाउने, भन्सारको प्रक्रियामा लाग्ने समय कम गर्दै सुरक्षित अन्तर्राष्ट्रिय व्यापारलाई सुनिश्चित गर्ने, राष्ट्रिय कानुनले तोकेको सीमाभित्र रही विद्युतीय माध्यमबाट निकासी तथ्याङ्क आदानप्रदान गर्ने, सूचनाको उपयोग समझदारीपत्र अनुकूल मात्र गर्ने, समझदारीपत्रको कार्यान्वयनका लागि सम्पर्क अधिकारी तोक्ने, दुवै पक्षबिच समझदारी भएका तोकिएका वस्तुमा नमुनाका रूपमा कार्यान्वयन गरी त्यसपछि सबै वस्तुमा लागु गर्ने, समझदारीपत्रमा उल्लेख भएका विषयको कार्यान्वयनमा विवाद भएमा आपसी सहमतिमा कूटनीतिक माध्यमबाट समाधान गर्ने तथा आपसी समझदारीमा समझदारीपत्रमा संशोधनसमेत गर्न सकिने प्रावधान छन् ।
हस्ताक्षर समारोहमा भन्सार विभागका महानिर्देशक भण्डारीले समझदारीपत्रलाई जतिसक्दो छिटो कार्यान्वयनमा लैजान जोड दिंदै यसले दुवै देशको भन्सार प्रशासनबिचको सम्बन्धलाई थप सबल बनाउन सहयोग पुग्ने बताउनुभयो । उहाँले निकासी हुने वस्तुको आगमन पहिले नै तथ्याङ्क आदानप्रदानबाट जोखिम विश्लेषणमार्फत जोखिम देखिएका वस्तुलाई निगरानी तथा नियमन गर्न र सही कारोबार गर्ने व्यवसायीलाई थप सहजीकरण गरी भन्सार जाँचपासलाई छिटोछरितो र सहज बनाउन सहयोग पुग्ने बताए ।

## राजनीतिमा . .

गर्दै आउनुभएको छ । प्रधानमन्त्रीको कार्यभार १० वर्षसम्म वहन गरी बेलायती राजनीतिमा एक महत्वपूर्ण छवि बनाउनुभएका बेलायतका पूर्वप्रधानमन्त्री टोनी ब्लेयर सार्वजनिक हित र शान्तिको काममा संलग्न हुँदै आउनुभएको छ । अमेरिकामा दुई कार्यकाल राष्ट्रपति हुनुभएका बाराक ओबामा अहिले ओबामा फाउन्डेसनमा सक्रिय रूपमा संलग्न हुनुहुन्छ । भविष्यका नेतृत्वलाई सबल बनाउन ओबामा प्रेसिडेन्सियल सेन्टरमार्फत उहाँ सार्वजनिक कार्यमा संलग्न रहँदै आउनुभएको छ । सिङ्गापुरका पिताको नामबाट परिचित सिङ्गापुरका पूर्वप्रधानमन्त्री ली क्यान युले आफ्नो सक्रिय जीवन कालमा नै राजनीति स्वेच्छाले छोडी सामाजिक कार्यमा आबद्धता हुनुभएको थियो । सैनिक अधिकारीबाट राजनीतिमा प्रवेश गर्नुभएका कम्बोडियाका पूर्वप्रधानमन्त्री हुसेनसमेतले प्रधानमन्त्रीको पद स्वेच्छाले नै त्याग गर्नुभयो । राजनीतिक भूमिकाबाट प्राप्त हुन सक्ने भौतिक पुरस्कारको कारणले मात्र राजनीतिक भूमिकातिर उत्प्रेरित नभएका केही राजनीतिज्ञ पनि रहेको अवस्था भए पनि नेपाली राजनीतिज्ञमा त्यसतर्फ ध्यान गएको देखिँदैन । निस्वार्थी राजनीतिज्ञ यदाकदा मात्र देखा पर्ने कुरा प्रसिद्ध विद्वान् फ्रोहलिक र ओपेनहिमरले उल्लेख गर्नुभए झैं नेपालमा अहिले निस्वार्थ, इमानदार तथा विवेकशील राजनीतिक नेतृत्वको अभाव देखा परेको छ । गोरखापत्र अनलाईनबाट साभार

# खेलकुद

## साफ फुटसल : माल्दिभ्ससँग हारेपछि नेपाल बाहिरियो

नेपालले थाइलायन्डमा जारी साफ फुटसल च्याम्पियनसिपबाट बाहिरिएको छ ।
नोन्थाबुरी स्टेडियमको फुटसल एरेनामा बिहीबार भएको खेलमा नेपाल माल्दिभ्ससँग २-१ गोलले पराजित भयो । हारसँगै नेपाल एक खेल अगावै बाहिरिएको हो । यसअघि नेपालले एक खेल जित र दुई खेलमा बराबरी नतिजा निकालेको थियो । नेपालले अब अन्तिम तथा पाँचौं खेल शनिबार बङ्गलादेशसँग खेल्नेछ ।

# अन्तराष्ट्रिय


## अफगानिस्तानमा आम नागरिकमाथि भएको आक्रमणको राष्ट्रसंघीय सुरक्षा परिषद्धारा निन्दा

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का सदस्यले अफगानिस्तानको राजधानी काबुलको रेस्टुरेन्टमा भएको आक्रमणको कडा निन्दा गरेका छन् जसमा धेरै नागरिक मारिनुका साथै  घाइते भएका छन् ।
सुरक्षा परिषद्का सदस्यले पछिल्लो समयमा सबै प्रकारका आतङ्कवादले अफगानिस्तान र विश्वमै शान्ति र सुरक्षाका लागि सबैभन्दा गम्भीर खतरा स्थान बनेको पुष्टि गरेका छन् । निन्दनीय कार्यका आयोजक, र प्रायोजकलाई जवाफ देही बनाउन र उनीहरूलाई न्यायको कठघरामा ल्याउन आवश्यक रहेको कुरामा जोड दिंदै काउन्सिलले सबै राज्यलाई अन्तर्राष्ट्रिय कानून र सान्दर्भिक सुरक्षा परिषद्का प्रस्ताव अन्तर्गत आफ्ना दायित्व अनुसार सक्रिय रूपमा सहयोग गर्न आग्रह गरेको छ । सुरक्षा परिषद्का सदस्यले आतङ्कवादको कुनै पनि कार्य आपराधिक र अन्यायपूर्ण रहेको बताउँदै यसले संयुक्त राष्ट्रको बडापत्र र अन्तर्राष्ट्रिय कानून, र अन्तर्राष्ट्रिय मानवीय कानुन विपरित अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा हुने खतरा विरुद्ध लड्नु पर्ने बताएको छ । क्युएनए

## हातहतियार बुझाउने सम्बन्धी सूचना

प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ लाई स्वतन्त्र, निष्पक्ष, भयर हित र विश्वसनीय वातावरणमा सम्पन्न गराउन जिल्लास्थित विविध कारणले विभिन्न व्यक्ति तथा समुहहरुसँग अवैध रुपमा रहेका हातहतियार खरखजना मिति २०८२/१०/१५ गते भित्र नजिकको प्रहरी कार्यालय वा सुरक्षा निकायमा बुझाउनु हुन सूचित गरिन्छ । तोकिएको समयमा हातहतियार खरखजना नबुझाएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

जिल्ला प्रशासन कार्यालय
सिन्धुली

कृषिमा यान्त्रिकरण
आर्थिक सुदृढीकरण
श्रेष्ठ ट्रेडर्स
SHRESTHA TRADERS
९८५४०८५९९९
९८१२१४६१९१

९८४४०४१९९९
९८०९६२४१११
क.न.पा. ६, १ नं. बजार,सिन्धुली (ज्योति विकास बैंकसंगै)
सर्भिस नं.: ९८०१६७३७४०
मेशिनरी तथा कृषि औजारहरुका लागि पहिलो रोजाई

## आजको राशीफल

मेष - चु, चे, चो, ला, लि, लु, ले, लो, अ
दिन निकै लाभदायक रहनेछ। प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ। पहिले रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। व्यापारमा राम्रै फड्को मार्न सकिनेछ। श्रमको उचित मूल्यांकन हुनेछ। सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ। दिगो काम सुरु हुनेछ र छोटो समयमै उपलब्धि हातलागी हुनेछ।

वृष - इ, उ, ए, ओ, बा, बि, बु, बे, बो
मेहनत गर्दा भाग्योन्नतिको समय छ। सानो प्रयत्नले दिगो काम सम्पादन हुनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। शुभचिन्तकहरूले साथ दिनाले कर्मयोग बलियो रहनेछ। अरूको काममा जुट्नुपरे पनि फाइदा आफैँलाई हुनेछ। लगनशीलताले लक्ष्यमा पुर्याउनेछ। पदीय जिम्मेवारीसमेत प्राप्त हुन सक्छ। धेरैले आफ्ना कामको तारिफ गर्नेछन्।

मिथुन - का, कि, कु, घ, ङ, छ, के, को, ह
परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ। अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपरे पनि मिहिनेतले लक्ष्यमा पुर्याउनेछ। शुभचिन्तक र प्रतिस्पर्धीलाई समेटेर काम लिनुपर्ला। योजना पूर्ण नभए पनि आंशिक लाभ हुनेछ। काममा समय लागे पनि पछिका लागि सकारात्मक संकेत प्राप्त हुनेछ।

कर्कट - हि, हु, हे, हो, डा, डि, डु, डे, डो
लक्ष्यमा पुग्न निकै संघर्ष गर्नुपर्ला। गोप्य सूचना बाहिरिनाले अप्ठ्यारो पर्न सक्छ। समयमा गम्भीर नबन्दा व्यर्थैमा दुःख पाइनेछ। स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला। प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। समयको तालमेल नमिल्दा योजना सम्पन्न नहुन सक्छ। आफ्नो क्षेत्रमा पनि अरूले हस्तक्षेप गर्न सक्छन्।

सिंह - मा, मि, मु, मे, मो, टा, टि, टु, टे
दिन रमाइलो रहनेछ र काममा फाइदा हुनेछ। पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ। उपहारले काममा उत्साह जगाउनेछ। अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ। परिवारजनको साथले नयाँ कामतर्फ आकर्षित भइनेछ। दाम्पत्य सुमधुर रहनेछ। आम्दानी प्रशस्तै बढ्नेछ भने विभिन्न भौतिक साधन प्राप्तिको योग छ।

कन्या - टो, प, पि, पु, ष, ण, ठ, पे, पो
दिन उत्साहप्रद रहनेछ। चुनौती पन्छाएर काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा पनि विजयी भइनेछ। व्यापारलगायत आर्थिक लाभ लिने योजना कार्यान्वयन हुनेछन्। भौतिक साधन जुट्नाले दिगो काम सुरु गर्न सकिनेछ। छोटो समयमा विशेष उपलब्धि प्राप्त हुनेछ। मेहनत गर्दा नाम, दाम र इनाम हातपार्न सकिनेछ।

तुला - र, रि, रु, रे, रो, ता, ति, तु, ते
अवसरले पछ्याए पनि प्रतीक्षा गरिएको नतिजा कमजोर देखिनेछ। सहयोगीहरूले साथ नदिन सक्छन्। कामको मेसो नमिल्दा व्यवहारमा पछि परिनेछ। आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन्। बेसुरमा वचन दिनाले समस्या पर्ला। धैर्य एवं लगनशीलताले मात्र प्रतिफल हातपार्न सफल भइनेछ। काम थाल्नुअघि योजना सार्वजनिक नगर्नुहोला।

वृश्चिक - तो, ना, नि, नु, ने, नो, या, यि, यु
नियमित काम सम्पादन भए पनि पारिवारिक मतभेदले व्यवधान निम्त्याउनेछ। बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पर्न सक्छ। निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले सजग रहनुपर्ला। निर्णय लिन केही अलमल भए पनि पछि लाभ हुने काम प्रारम्भ हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। महत्त्वाकांक्षी योजना सार्वजनिक नगर्नुहोला।

धनु - ये, यो, भ, भि, भु, ध, फा, ढ, भे
आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्। परिस्थितिवश अँटेको काममा विलम्ब हुनेछ। सहयोगीहरूले बीचैमा हात झिक्न सक्छन्। मौका आए पनि समयमा जागरुक नबन्दा पछि परिनेछ। उपलब्धिका लागि दोहोर्याएर काम गर्नुपर्ला। काम पूर्ण नभए पनि मिहिनेतले आंशिक लाभ दिलाउनेछ। आर्थिक लेनदेनमा अलि होसियार रहनुहोला।

मकर - भो, ज, जि, खि, खु, खे, खो, गा, गि
अध्ययनमा प्रगति हुनेछ भने ज्ञान र कलालाई निखार्ने अवसर प्राप्त हुनेछ। तर आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ। हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ। अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ। शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला। बुद्धिले काम लिंदा चिताएको योजना कार्यान्वयन गर्न सकिनेछ।

कुम्भ - गु, गे, गो, सा, सि, सु, से, सो, द
चिताएको काम रोकिए पनि रमाइलो जमघटमा सहभागी बन्ने अवसर आउला। आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले नयाँ काममा हौसला जगाउनेछ। तर आगन्तुकहरूले अलमल्याउने हुँदा काममा बाधा पुग्नेछ। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला। महत्वाकांक्षी योजना बिग्रन सक्छ।

मीन - दि, दु, थ, झ, ञ, दे, दो, च, चि
पछिका लागि केही वस्तु त्याग्नुपर्ला। दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ। अर्थअभाव खट्किए पनि आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ। विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ। टाढाका साथीभाइले काममा साथ दिनेछन्। तर, खर्च बढ्नेछ भने समयमा आलस्य गर्ने बानीले पछि परिनेछ। लगानी बढाउने अवसर प्राप्त हुनेछ।

# कमलामाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, सिन्धुली

## विषयः बसपार्क भित्र रहेको सटर ठेक्का लगाउने सम्बन्धी शिलबन्दी बोलपत्र/दरभाउ-पत्र आव्हान सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मिति २०८२/१०/०९**

यस कमलामाई नगरपालिकाको राजश्व परामर्श समितिको मिति २०८२/०९/१६ गतेको निर्णय अनुसार आन्तरिक आम्दानी गर्नका लागि बसपार्क भित्र निर्माण भएको सटर ठेक्का लगाउनु पर्ने भएकोले देहायको शर्तको अधिनमा रही रितपूर्वकको गोप्य शिलबन्दी दरभाउपत्रमा पेश गर्न यो सूचना आव्हान गरिएको छ।

शर्तहरु

१. इच्छुक व्यवसायी, फर्म, कम्पनी, संघ-संस्थाहरुले सूचना प्रकाशित मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समयसम्म कम्पनीको प्रमाण-पत्रको प्रतिलिपि आ.व. २०८१/८२ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि लगायतका कागजात संलग्न गरी निवेदन साथ रु. १०००।- (एक हजार) फिर्ता नहुने गरी बुझाई यस कार्यालयको राजश्व उपशाखाबाट दरभाउ-पत्र खरिद गर्न सकिनेछ।

२. आफुले कबोल गरेको भाडा रकम बराबर ३ (तीन) महिनाको रकम न.पा. को धरौटी खाता नं. १०६०१००३०३००००३ मा जम्मा गरेको सक्कल भौचर संलग्न राखी पेश गर्नु पर्नेछ।

३. कमलामाई नगरपालिका अन्तर्गत वडा नं. ६ को बसपार्क भित्र निर्माण भएको सटर सम्झौतामा उल्लेखित मितिले १ वर्षको लागि भाडामा उपलब्ध हुनेछ। दुवै पक्षको सहमतिमा नियमानुसार अवधि थप गर्न सकिनेछ।

४. आफुले कबोल गरेको मासिक भाडादर अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेखी सहीछाप गरी शिलबन्दी गरी सूचना प्रकाशित भएको मितिले १६ औं दिन, दिनको १२:०० बजे सम्म दर्ता गराई सक्नु पर्नेछ। उक्त शिलवन्दी दरभाउ-पत्र सोही दिन दिनको २:०० बजे शिलवन्दी दरभाउ-पत्र पेश गर्ने व्यवसायी, फर्म, कम्पनी, संघ-संस्थाको प्रतिनिधीको रोहबरमा कमलामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सिन्धुलीमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन।

५. बसपार्क भित्र निर्माण भएको सटरठेक्काको दरभाउ-पत्र बिक्री हुने अन्तिम दिन वा दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सो कार्य हुनेछ।

६. प्रत्येक सटरको लागि छुट्टा छुट्टै दरभाउ-पत्र खरिद गर्नु पर्नेछ र दर्ता समेत अलग-अलग रुपमा गर्नु पर्नेछ। एक दरभाउपत्रदाताको नाममा खरिद भएको दरभाउ-पत्र अर्कोको नाममा दर्ता गर्न पाइने छैन।

७. सूचनामा उल्लेखित बुँदाहरुमा द्विबिधा रहेमा वा अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून एवं कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

८. दरभाउ-पत्र स्वीकृत गर्ने व्यवसायी, फर्म, कम्पनी, संघ-संस्थाले तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा निजले जम्मा गरेको धरौटी रकम जफत गरी दरभाउ-पत्र रद्ध गरी नियमानुसार हुनेछ।

९. प्रत्येक महिनाको मासिक भाडा कमलामाई नगरपालिका अन्तर्गत बडा नं. ६ को प्रत्येक सटरको मासिक भाडा अर्को महिनाको ७(सात) गते भित्र बुझाई सक्नु पर्नेछ। तोकिएको समय भित्र मासिक भाडा नबुझाएमा तिर्नु पर्ने भाडा रकमको१०% का दरले जरिवाना लाग्नेछ।

१०. प्रत्येक सटरको न्यूनतम मासिक अंकः

| क्र.सं. | सटर कोठा नं. | मासिक न्यूनतम् अंक (रु.) | कैफियत |
|---|---|---|---|
| १ | १४ | १०,०००।- | |
| २ | १५ | १०,०००।- | |
| ३ | १६ | १०,०००।- | |
| ४ | १७ | १०,०००।- | |
| ५ | १८ | १०,०००।- | |
| ६ | १९ | १०,०००।- | |

११. सटर सूचना सम्बन्धमा थप कुरा बुझ्नु पर्ने भएमा नगरपालिकाको वेभ साइट www.kamalamaimun.gov.np मा हेर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

## सूचना माग्ने र पाउने मौलिक हकको रक्षा गरौं।

सार्वजनिक निकायले,

- आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्दछ।
- त्यस्ता सूचना आवधिक रुपमा प्रकाशन तथा प्रसारणको व्यवस्था गर्नु पर्दछ।
- सूचना प्रवाह गर्न सूचना अधिकारी अनिवार्य तोकिनु पर्दछ।
- सूचना अधिकारी सम्बद्ध निकायको दोस्रो वा तेस्रो वरियताको अधिकारी हुनु पर्दछ।
- सूचना अधिकारीको नाम, पद, इमेल ठेगाना, मोवाइल नं. र तस्विर सबैले देख्ने गरी कार्यालयमा र वेब साइटमा राख्नु पर्दछ।
- कसैले सूचना मागे कानूनबमोजिम तोकिएको अवधिभित्र सूचना उपलब्ध गराउनु पर्दछ।

**नागरिकको सूचना माग्ने र पाउने हकको रक्षा गरौं, पारदर्शिता कायम गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# Golanjor Rural Municipality
## Office of the Rural Municipal Executive
**Gwaltar-3, Sindhuli**

## Invitation for Bids

**(First Date of Publication: 28thAshwin 2082)**
**(Second Date of Publication: 25thKarthik 2082)**
**(Third Date of Publication: 9thMagh 2082)**

1. The Golanjor Rural Municipality invites electronics bids from the eligible bidders for the procurement of following works for internal revenue collection purpose:

| Contract ID No. | Description | Minimum Bid Amount NRs. (Excluding Vat) | Minimum Bid Security Amount (NRS) | Cost for Bid document (NRs) |
|---|---|---|---|---|
| GRM/SIN/REVENUE/GOODS/04/082/083 | Collection of Internal Revenue (Extraction/Collection and Sales of River Natural Resources Sand, Gravel and Boulder from Andheri River) | 7,35,940.80 | 5% of Bid Amount | 1000 |
| GRM/SIN/REVENUE/GOODS/05/082/083 | Collection of Internal Revenue (Extraction/Collection and Sales of River Natural Resources Sand, Gravel and Boulder from Tehau River) | 98,784.00 | | |
| GRM/SIN/REVENUE/GOODS/06/082/083 | Collection of Internal Revenue (Extraction/Collection and Sales of River Natural Resources Sand, Gravel and Boulder from Bandijor River) | 14,81,760.00 | | |
| GRM/SIN/REVENUE/GOODS/07/082/083 | Collection of Internal Revenue (Extraction/Collection and Sales of River Natural Resources Sand, Gravel and Boulder from Waksu River) | 14,81,760.00 | | |
| GRM/SIN/REVENUE/GOODS/08/082/083 | Collection of Internal Revenue (Extraction/Collection and Sales of River Natural Resources Sand, Gravel and Boulder from Bitijor River) | 8,89,056.00 | | |
| GRM/SIN/REVENUE/GOODS/09/082/083 | Collection of Internal Revenue (Extraction/Collection and Sales of River Natural Resources Sand, Gravel and Boulder from Sunkoshi River) | 3,55,622.40 | | |

2. Eligible bidders may obtain the further information and inspect the bidding documents at the office within office hours or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.

……………………………………
**Chief Administrative Officer**

प्रभात समाचार राष्ट्रिय दैनिकका लागि प्रकाशक / प्रधान सम्पादक द्वारिका काफ्ले, प्रवन्ध निर्देशक विमला पाण्डे, कार्यकारी सम्पादक विदुर पौडेल, कार्यालय कमलामाई न.पा.-५, मधुटार सिन्धुली
मुद्रण : लालिगुराँस अफसेट प्रेस सिन्धुली, सम्पादक सञ्जयकुमार दाहाल, फोन : ०४७-५२०३९० Email : pravatsamachar2068@gmil.com, website : www.pravatsamachar.com, www.esajhanepal.com

CamScanner